मानेनीय मन्त्रीज्यूबाट मिति
२०८२ पौष ३० गते स्वीकृत

# संक्रामक रोग न्यूनीकरण तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम

## सञ्चालन मार्गदर्शन २०८२/०८३

लुम्बिनी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

२०८२

सचिव

मा. खेम बहादुर सारु
मन्त्री

स्वास्थ्य मन्त्रालय र अन्तर्गतका निकायहरुबाट आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन हुने संक्रामक रोग न्यूनीकरण तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित क्रियाकलापहरुको पारदर्शी, मितव्ययी, प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न सहजीकरणको लागि यो कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरिएको छ।

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

सचिव

मा. खेम बहादुर सारु
मन्त्री
स्वास्थ्य मन्त्रालय


**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल
फोनः ०७१-५४३००४
Email: mohp@lumbini.gov.np
Website: https://mohp.lumbini.gov.np/

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

# विषय सूची


१. समुदायमा नसर्ने रोग खोजपड्ताल कार्यक्रम ..... ३

२. नसर्ने रोगको जोखिम न्यूनीकरणका लागि खुला व्यायामशाला निर्माण ..... ६


सचिव

पश्चिमी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

## १. समुदायमा नसर्ने रोग खोजपड्ताल कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित | पटक | १२ | दोस्रो र तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | जीवनशैलीमा आएको परिवर्तन, तनाव, शारीरिक क्रियाकलापको कमी, असन्तुलित आहार, र वातावरणीय प्रदूषणका कारण नसर्ने रोगको जोखिम बढ्दै गएको छ। नसर्ने रोगको जोखिमका कारकहरूमा धूम्रपान, मदिरा सेवन, उच्च नुन—चिनीयुक्त खाना, मोटोपना र निष्क्रिय जीवनशैली प्रमुख मानिन्छन्। आ.व. २०८२/८३ मा सङ्घीय सशर्त अनुदान मार्फत प्रत्येक स्थानीय तहमा **"समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनीङ (फागुन महिना) तथा जनचेतना कार्यक्रम सञ्चालन"** शिर्षकमा वजेट विनियोजन भएको छ । नेपालको संविधान २०७२ को समन्वय, सहकार्य र सहअस्तित्वको मर्मलाई आत्मसात गर्दै प्रदेशका स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य गरी उक्त स्क्रिनीङ कार्यक्रमलाई थप प्रभावकारी बनाउन यो कार्यक्रमको ब्यवस्था गरिएको छ । |
| **उद्देश्य** | उच्च रक्तचाप, मधुमेह, मृगौला सम्बन्धी रोग र मोटोपनाको प्रारम्भिक चरणमै पहिचान गरी आवश्यक व्यवस्थापन गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | स्क्रिनिङ्ग तथा रोगको व्यवस्थापनका लागि आवश्यक औषधि तथा सामग्री खरिद, प्रचार प्रसार, स्वास्थ्यकर्मी परिचालन, योजना, अभिलेख तथा प्रतिवेदन सम्बन्धी अभिमुखीकरण, अनुगमन खर्च |
| **लक्षित समूह** | प्रदेशमा बसोबास गर्ने ३० वर्ष भन्दा माथिका नागरिकहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • स्थानीय तहहरुले **"समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनीङ (फागुन महिना) तथा जनचेतना कार्यक्रम सञ्चालन"** सुरु गर्नु अगावै स्वास्थ्य कार्यालयले स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख र तथ्यांक हेर्ने सम्पर्क व्यक्तिलाई स्क्रिनिङ कार्यक्रमको सुक्ष्म योजना निर्माण र अभिलेख तथा प्रतिवेदन सम्बन्धी अभिमुखीकरण गर्नुपर्नेछ ।<br>• स्वास्थ्य निर्देशनालयले Kobo Collect वा यस्तै प्रकारको अन्य अनलाइन माध्यमद्वारा अभिलेख तथा प्रतिवेदन गर्न सकिने व्यवस्था गरी स्वास्थ्य कार्यालयहरुलाई उपलब्ध गराउनुपर्नेछ ।<br>• स्थानीय तहसँग समन्वय तथा सहकार्यमा स्थानीय तह र स्वास्थ्य कार्यालयले गर्ने कार्य र खर्च क्षेत्र तोकी सम्झौता गरी यो कार्यक्रम संचालन गर्नुपर्नेछ । |

सचिव

| | |
|---|---|
| | • स्थानीय तहमा सङ्घीय मार्गदर्शन बमोजिम ३० बर्ष माथिका नागरिकहरुको स्क्रिनिङ गर्न खरिद गर्न सकिने औजार उपकरण तथा स्वास्थ्य सामग्रीहरुः<br>➢ ग्लुकोमिटर र स्ट्रिप<br>➢ युरिन डिपस्टिक<br>➢ पत्ता लागेका बिरामीको उपचारका लागि आवश्यक औषधि<br>• **समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनीङ कार्यक्रम** सञ्चालन पश्चात तोकिए बमोजिम अभिलेख तथा प्रतिवेदन गर्नुपर्नेछ ।<br>• स्क्रिनीङ कार्यक्रम सँगसँगै नसर्ने रोग रोकथाम तथा मोटोपन नियन्त्रण सम्वन्धी परामर्श गर्नुपर्नेछ।<br>• उच्च रक्तचाप, मधुमेह, पिसाबमा प्रोटिन देखिएका वा मोटोपना भएका व्यक्तिलाई थप परामर्श र व्यवस्थापनका लागि अनिवार्य रुपमा स्वास्थ्य संस्थामा प्रेषण गरिएको सुनिश्चत गर्नु पर्दछ ।<br>• स्वास्थ्य संस्थाहरुले प्रचलित प्रोटोकल बमोजिम उपचार तथा व्यवस्थापन गरी स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) मा अभिलेख तथा प्रतिवेदन गर्नुपर्नेछ ।<br>• स्वास्थ्य कार्यालयहरुले सुक्ष्म योजना बमोजिम स्क्रिनीङ भए नभएको अनुगमन गर्नेछन र तोकिए बमोजिम अभिलेख तथा प्रतिवेदन भएको सुनिश्चित गर्नेछन । |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>• यो कार्यक्रम संचालन गर्न अनुसूची १ बमोजिम बजेट विनियोजन गरिएको छ |
| **अपेक्षित उपलब्धी** | नसर्ने रोगको समयमा नै पहिचान, रोकथाम र उचित व्यवस्थापन हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • सुक्ष्म योजना, अभिलेख तथा प्रतिवेदन सम्बन्धी अभिमुखीकरण भएका जिल्लाको संख्या<br>• खरिद भएका स्वास्थ्य सामग्रीको प्रकार र संख्या<br>• स्क्रिनीङ गरिएका ३० वर्षमाथिका नागरिकहरुको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि अनिवार्य रुपमा निर्देशनालयमा प्रतिवेदन पठाउनु पर्नेछ । |

सचिव

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

## अनुसूची १

| क्र.सं. | जिल्ला | लक्ष्य (जनसंख्या ) | विनियोजित बजेट | | | |
|---|---|---|---|---|---|---|
| | | | सुक्ष्म योजना निर्माण तथा अभिमुखीकरण | स्क्रिनीङ कार्यक्रम संचालन | अनुगमन | कुल जम्मा |
| १ | नवलपरासी (व.सु. पश्चिम) | ३८०३९ | ७०००० | १३३१३६५ | ५६००० | **१४५७३६५** |
| २ | रुपन्देही | ११३०७० | १५०००० | ३९५७४५० | १२८००० | **४२३५४५०** |
| ३ | कपिलवस्तु | ६७८१० | १००००० | २३७३३५० | ८०००० | **२५५३३५०** |
| ४ | पाल्पा | २२३८७ | ११०००० | ७८३५४५ | ८०००० | **९७३५४५** |
| ५ | अर्घाखाँची | १५८३० | ६६००० | ५५४०५० | ४८००० | **६६८०५०** |
| ६ | गुल्मी | २२०६७ | १३२००० | ७७२३४५ | ९६००० | **१०००३४५** |
| ७ | प्युठान | २१६१२ | ९९००० | ७५६४२० | ७२००० | **९२७४२०** |
| ८ | रोल्पा | २२३४० | ११०००० | ७८१९०० | ८०००० | **९७१९००** |
| ९ | रुकुम (पूर्व) | ५४२० | ३३००० | १८९७०० | २४००० | **२४६७००** |
| १० | दाङ्ग | ६६७१० | १००००० | २३३४८५० | ८०००० | **२५१४८५०** |
| ११ | बाँके | ६०३४० | ८०००० | २१११९०० | ६४००० | **२२५५९००** |
| १२ | बर्दिया | ४४३७५ | ८५००० | १५५३१२५ | ६४००० | **१७०२१२५** |
| **कुल जम्मा** | | **५०००००** | **११३५०००** | **१७५०००००** | **८७२०००** | **१९५०७०००** |

सचिव

## २. नसर्ने रोगको जोखिम न्यूनीकरणका लागि खुला व्यायामशाला निर्माण

| खर्चशीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १७ | तेश्रो र चौथो त्रैमासिक |

<table>
<tr><th>उपशीर्षक</th><th>विवरण</th></tr>
<tr><td>परिचय</td><td>पछिल्ला वर्षहरुमा स्वास्थ्य क्षेत्रमा उल्लेख्य उपलब्धी प्राप्त गरेतापनि विश्वव्यापीकरण, शहरीकरण, जनसंख्या वृद्धि, वातावरण प्रदुषण र अस्वस्थकर जीवनशैलीका कारण नसर्ने रोगको भारमा व्यापक वृद्धि भएको देखिन्छ। हाल नेपालमा ७१ प्रतिशत मृत्युको कारण नसर्ने रोग रहेको पाईएको छ। प्रदेशका विभिन्न स्थानमा खुल्ला व्यायामशाला निर्माण गरी नागरिकहरुलाई नियमित व्यायाम गर्न अभिप्रेरित गर्ने तथा व्यायाम गर्ने बानीको विकास गरी सक्रिय र स्वस्थ जीवनशैलीमा सहजीकरण गर्ने उद्देश्यले यस कार्यक्रमको व्यवस्था गरिएको छ।</td></tr>
<tr><td>उद्देश्य</td><td>खुला व्यायामशाला स्थापना एवं संचालन गरी नसर्ने रोगको जोखिम न्यूनीकरण गर्ने ।</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन गर्ने निकाय</td><td>स्वास्थ्य कार्यालय</td></tr>
<tr><td>खर्च क्षेत्र</td><td>खुल्ला व्यायामशालाका लागि आवश्यक औजार उपकरण खरिद तथा जडान</td></tr>
<tr><td>लक्षित समुह</td><td>तोकिएको स्थानीय तहका नागरिकहरु</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन विधि</td><td>
<ul><li>स्वास्थ्य कार्यालय मार्फत खुला व्यायामशाला निर्माण गर्न माग भई आएका देहायका स्थानीय तहहरुसँग तपशिल बमोजिमको शर्तको अधिनमा रही सम्झौता गर्नेछन् ।</li></ul>
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th colspan="2">खुला व्यायामशाला निर्माण गर्ने स्थान</th></tr>
<tr><th>जिल्ला</th><th>स्थानीय तह/वडा नं.</th></tr>
<tr><td>१</td><td>बाँके</td><td>कोहलपुर -१५, चौधरिया</td></tr>
<tr><td>२</td><td rowspan="6">पाल्पा</td><td>माथागढी-३, सराइ</td></tr>
<tr><td>३</td><td>पुर्वखोला-३, रिंगनेरह</td></tr>
<tr><td>४</td><td>तानसेन-९, दमकडा</td></tr>
<tr><td>५</td><td>तानसेन-१४, अर्गली</td></tr>
<tr><td>६</td><td>रामपुर-५, सुन्दरटोल</td></tr>
<tr><td>७</td><td>रम्भा-१, संगाहा, हुँगी</td></tr>
</table>
</td></tr>
</table>

सचिव

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

| | | |
|---|---|---|
| ८ | रुपन्देही | देवदह-६, अमरसिंह चोक, देवदह ब्याडमिन्टन क्लव परिसर |
| ९ | | बुटवल-१३, बँदेलपोखरी |
| १० | | ओमसतिया-१, खुन्सा मगर संघ भवन परिसर |
| ११ | रोल्पा | रोल्पा-४ |
| १२ | गुल्मी | सत्यवती-६, खैरेनी |
| १३ | नवलपरासी (ब.सु. पश्चिम) | बर्दघाट-१४, धर्मवस्ती, सेन्टर प्लट बजार |
| १४ | दाङ | तुलसीपुर-२, बालापुर |
| १५ | कपिलवस्तु | बाडगंगा-२, कप्टैया |

**तपशिलः**

- व्यायामशाला बनाउने खुला स्थान स्थानीय तहले उपलब्ध गराउनुपर्नेछ ।
- व्यायामशाला बनाउने स्थानको जमिन खन्ने, सम्याउने, ब्लक लगाउने जस्ता कार्य स्थानीय तहले नै गर्नेछन ।
- खुला व्यायामशालाको मर्मत सम्भार एवं सुरक्षाको आवश्यक व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ ।

- आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागबाट योग तथा खुला व्यायामशाला निर्माणका लागि तयार गरिएको स्पेसिफिकेसनलाई आधार मानी स्पेसिफिकेसन तयार गर्नुपर्नेछ ।
- स्थानीय तहले स्वास्थ्य कार्यालयले उपलब्ध गराउने बाहेक अन्य थप औजार उपकरण समेत आफ्नै श्रोतबाट खरिद गरी जडान गर्न सक्नेछन ।
- प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम आवश्यक औजार उपकरण खरिद गरी २०८३ वैशाख मसान्त भित्र जडान कार्य सम्पन्न गर्नुपर्नेछ र स्थानीय तहलाई हस्तान्तरण गरी उक्त स्थानमा लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय र सम्बन्धित स्थानीय तहको लागत सहभागितामा निर्मित खुला व्यायामशालाको बोर्ड राखिएको सुनिश्चित गर्नुपर्नेछ ।

सचिव

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

<table>
<tr><td>बजेट बाँडफाँड</td><td>यस कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम प्रति व्यायामशाला रु. ८,३२,८६६ का दरले बजेट विनियोजन गरिएको छ ।
<table>
<tr><th>क्र.सं.</th><th>स्वास्थ्य कार्यालय</th><th>विनीयोजित रकम</th></tr>
<tr><td>१</td><td>नवलपरासी (व.सु. पश्चिम)</td><td>८३२८६६</td></tr>
<tr><td>२</td><td>रुपन्देही</td><td>२४९८५९८</td></tr>
<tr><td>३</td><td>कपिलवस्तु</td><td>८३२८६६</td></tr>
<tr><td>४</td><td>पाल्पा</td><td>४९९७१९६</td></tr>
<tr><td>५</td><td>गुल्मी</td><td>८३२८६६</td></tr>
<tr><td>६</td><td>रोल्पा</td><td>८३२८६६</td></tr>
<tr><td>७</td><td>दाङ्ग</td><td>८३२८६६</td></tr>
<tr><td>८</td><td>बाँके</td><td>८३२८६६</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>१२४९२९९०</td></tr>
</table>
</td></tr>
<tr><td>अपेक्षित उपलब्धी</td><td>खुला व्यायामशाला स्थापना एवं संचालन भई नसर्ने रोगको जोखिम न्यूनीकरण हुनेछ ।</td></tr>
<tr><td>अनुगमन तथा मूल्याङ्कन</td><td>खुल्ला व्यायामशाला निर्माण सम्पन्न भएको संख्या</td></tr>
<tr><td>प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ।</td></tr>
</table>

सचिव